परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

❑ वर्ष १० ❑ अंक १३ २०७८ कार्तिक १४ गते आईतवार Sunday 31, OCT 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## हाटखोलाको सिंघिया पुल जिर्नोद्धार गर्न माग

बिराटनगर । कटहरी गाउँ पालिका वडा नं. २ र विराटनगर महानगर पालिका वडा ८ जोड्ने हाटखोलाको सिंघिया पुललाई जिर्णोद्धारका लागि मोरंग व्यापार संघका टोलीले जिल्ला प्रशासन कार्यालय मोरंगमा ज्ञापन पत्र बुझाएको छ ।

जिर्ण अवस्थामा रहेको सिंघिया पुलको यथाशिघ्र जिर्णोद्वार गरिनु पर्ने माग राख्दै जिल्ला प्रशासन कार्यालय, मोरङलाई ज्ञापन पत्र बुझाउन संघका अध्यक्ष प्रकाश मून्दडाज्यूको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालय, मोरङका प्रमुख जिल्ला अधिकारी काशिराज दाहाललाई ज्ञापन पत्र बुझाएको हो ।



हाटखोलाको सिंघिया पुललाई जिर्णोद्धार गर्न माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै ।

विराटनगर महानगरपालिका र कटहरी गाउँपालिका जोड्ने रंगेली रोड सडक खण्डमा पर्ने विराटनगरको हाटखोला स्थित सिंघिया पुलको नाजुक अवस्था प्रति संघको गम्भिर ध्यानाकर्षण भएको जनाउँदै मोरङ-सुनसरी आर्थिक कोरिडोर अन्तरगत रहेको कटहरी गाउँपालिका सहित आसपासका क्षेत्रमा संचालित सयौँ उद्योग, कल-कारखानाहरु तथा मोरङका पूर्वी भेगका अधिकांश बजारहरुलाई औद्योगिक नगरी एवं व्यवसायिक केन्द्र विन्दु विराटनगर शहर र विराटनगर भन्सार नाकासँग जोड्न तथा आवागमन गर्न सो पुलले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

प्रदेश नं. १ को राजधानी विराटनगर देखि पुंव हुलाकी मार्गमा पर्ने सिघिया पुर्वको क्षेत्रमा उत्पादन भएको वस्तुहरुलाई बजार सम्म पुऱ्याउन एक मात्र विकल्पको रुपमा रहेको पुललाई सामान्य जिर्णोद्वार मात्र गरिँदै आएको उक्त पुल हालको भिषण बाढीका कारण थप क्षतिग्रस्त भई जर्जर अवस्थामा पुगेको जानकारी जानकारी गराएका थिए ।

बिराटनगर व्यापरा कोरिडोर का आर्थिक क्रियाकलापहरु मध्ये सो क्षेत्रमा औद्योगिक/व्यवसायिक गतिविधिहरु र मालवाहक सवारी साधानहरुको आवागमन चाप अत्याधिक हुने गरेको जनाउँदै हालको जिर्ण अवस्थाको सो पुलको

वांकी अन्तिम पेजमा...

## सांस्कृतिक पुस्तकालयको साधारण सभा सम्पन्न

**राजेश कुमार राजवंशी**

विराटनगर । विराट राजवंशी पुस्तकालयले प्रथम वार्शिक साधारणसभा एवं शुभ दिपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

उक्तकार्यक्रमको प्रमुख अतिथी जेष्ठ नागरिक प्रदेश १ का अध्यक्ष मणिकुमार अर्यालको आतिथ्यमा भएको थियो । प्रथम वार्शिक साधारणसभामा पुस्तकालयको उपाध्यक्ष सन्तोष राजवंशीले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

साधारण सभामा विराट राजवंशी पुस्तकालयको कोषाध्यक्ष चन्द्रीका राजवंशीले आयव्यको प्रतिवेदन पेश गर्दै आम्दानी तर्फ साधारण सदस्य शुल्क बापत १ हजार १ सय, आजीवन सदस्य बापत ६६ हजार, भितेपात्र बापत ५८ हजार ६ सय, फनिर्चर बापत ६२ हजार, विराटनगर महानगरपालिका वडा न १२ वडा कर्यालयबाट रु २३ हजार ६ सय, स्मारिका (हकार) बापत ६३ हजार २ सय अन्य खर्च ३ हजार ३ सय ८० प्रस्तुत गरेको थियो ।

त्यसगरी खर्च विवरणमा संस्था दर्ता खर्च ३ हजार ३० रुपैया, मसलन्द खर्च १६ सय ४०, छपाई रसिद बापत ११ हजार ९०, कार्यालय भाडा बापत २१ हजार, पत्रपत्रिका बापत ५ हजार ४ सय, विधुत महसुल बापत ४ सय ८, ब्यानर झण्डा पिउने पानी ९ हजार ७५, साधारणसभा खर्च बापत ६ हजार ८ सय ६५, मास्क र सेनिटाइजर बापत १ हजार ७ सय , भितेपात्रो बापत ५१ हजार, स्मारिका बापत ७१ हजार, विविध खर्च बापत ४ सय ७५, पुस्तक खरिद बापत ६९ हजार २ सय ४६, कार्य समितिको बोर्ड बापत १५ सय, फर्निचर खरिद बापत ८० हजार ५ सय, सिलिङ पन्खा बापत २ हजार, पानी राख्ने भाडो बापत ४ सय ८५, भिते घडी बापत ६ सय ५०, मौज्दात रकम ५ हजार ५ सय ६० रुपैया, बैंकमा ५ हजार ६० रुपैया स्टार बैंकको खातामा ५ सय रहेको छ । जम्मा खर्च रु ३ लाख ४७ हजार ५ सय ७४ रुपैया २०७८ मसान्तसम्म को प्रतिवेदन पेश गरिएको थियो ।

कार्यक्रममा वक्ताको रूपमा बोल्दै विराट सामुदायिक भवनका अध्यक्ष राधेश्याम कटेलले विराट राजवंशी पुस्तकालयलाई रु १ लाख सहयोग गर्नु भएको छ । साथै विराट राजवंशीको भेषभुशा र संस्कृतिको संरक्षण होस भन्ने कामना गर्नु भएको थियो ।

त्यसैगरी अथितिको रूपमा बोल्दै विराटनगर महानगर पालिका वडा न १२ का वडा अध्यक्ष हिरालाल कामतले विराट राजवंशीको संसकृतिको निम्ति सधै सहयोग गर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।

राजवंशी समाज उत्थान समितिको कोषाध्यक्ष मयाराम राजवंशी, युवा नेता राकेश रोशन यादव लगायत वक्ताहरूले आफ्नो धारण राख्नु भएको थियो । समाजसेवी रामआशिष महतोले विराट राजवंशी संसकृतिक पुस्तकालयको निम्ति जग्गा दान गर्नु भएको छ । राजवंशीको शैक्षिक र आर्थिक

वांकी अन्तिम पेजमा...

## श्रीमतिलाई बलात्कार गरेको आरोपमा श्रीमान् पक्राउ

सुनसरी । श्रीमतिलाई बलात्कार गरेको आरोपमा श्रीमानेलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार पहिलो श्रीमतिलाई इच्छाबिपरित जबजस्ती करणी बलत्कार गरेका धरान उपमहनगर पालिका वार्ड नं. १५ बरगाछि मिलन चोक बस्ने काठ ब्यबसायीलाई इलाका प्रहरी कार्यालय धरानले प्रकाउ गरेको हो ।

गत बिहीबार धरान उपमहानगर पालिका वडा नं. १५ बरगाछि पूर्व मिलन चोक स्थित पहिलो श्रीमतिलाई लक्षार पछार गरी ५२ वर्षिय भोजराज थापा (फडिन्द्र) क्षेत्रीले बलत्कार गरेको हुनाले घटना स्थलबाट थापालाई प्रकाउ गरी नियन्त्रणमा लिएको इलका प्रहरी कार्यालय धरानका नायब उपरिक्षक नगेन्द्र कुवँरले जानकारी दिएको छ ।

किटानी जाहेरी पछि सुनसरी जिल्ल अदालतबाट म्याद थप गरी अनुसन्धान समेत जारी राखिएको उपरिक्षक कुवँरले बताए । दोस्री श्रीमतिको घरमा ज्वाईघर भएर ससुरालीमा नै बसेर ससुरालीले बनाएको घर, सम्पति तथा फर्निचर हाउस समेत कुमल्यादै अर्की श्रीमति ल्याउने तयारीमा रहेकोले यस्ता अपाराधीलाई कडा भन्दा कडा सजाय हुनु पर्ने महिला सहयोगी सन्जालकी सदस्या सीता राईको भनाई छ ।

छोरा छोरीहरु अर्को कोठामा सुतिरहेको अबस्थामा यो घटना भएको छ । जब आबाज आयो अनि आएर हेर्दा त भिनाजुले दिदीलाई लडाएको, कपडा च्यातिएको र भिनाजुको सर्ट खोलेको अबस्था र पेन्टको चेन समेत नलाएको अबस्था देखियो र के गरेको भन्दा तँ भतुँईलाई मार्छु भनेर चक्कु बोकेर मार्ने उदेश्यले आएको भएपनि हल्ला गरेर जोगाउन सफल भएको सम्झना कार्कीले वताईन ।

बलत्कारी थापाले बाहिरी केटी राखेर डिभोर्स समेत छलफल कपटबाट गराई अन्याय गरेको हुनाले हामी ति पिडित महिलाको तर्फबाट न्याय दिलाउन लागि परेको बताउनु भयो । प्रहरीले यस्ता जघन्य घटनालाई कमजोरी मिसील नबाउन समेत आग्रह गरेका छौ तसर्थ ५० बर्ष पुगेकी १ जना छोरी र २ छोरा छोराको सन्तान भएकी पिडित महिलालाई घरबार बिहिन बनाएको हुनाले प्रसाशन र जनप्रतिनिधीहरुलाई उनको जिउने बाच्ने अधिकारलाई सुनिश्चित गरिदिनु आग्रह समेत गरेको छ ।

पहिलो श्रीमति समेतलाई दु:ख दिएर दोस्रो श्रीमतिलाई बसिरहेको घरबाट निकालेर अर्कि हुनेवाला श्रीमति भित्राउने तयारीमा रहेको महिला समुहको ठहर छ ।

## पाँच जुवाडे प्रहरीको फन्दामा

खोटाङ । खोटाङ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका १ हस्पिटल चौक स्थित हरी जोशीको घरबाट तास र नगद सहित ५ जना जुवाडेलाई बुधवार पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा खोटाङ साकेला गाऊपालिका वडा नं. ५ का २७ बर्षीय हिराधन राई, साकेला गाऊपालिका वडा नं. २ का २२ बर्षीय सौरब गुरुङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. ६ का ३३ बर्षीय बसन्त राई, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा न.. ७ का ३८ बर्षीय टिकाराम राई र उदयपुर कटारी नगरपालिका ११ का २४ बर्षीय खोम बहादुर मगर रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई तास खेलिरहेको अबस्थामा १ बुङ तास र नगद ७१ हजार २० रुपैया सहित पक्राउ गरिएको थियो ।

पक्राउ परेका पांचै जनालाई कानुन बोमिजक कारबाही तथा अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## अदालतमा...

भने न्याय सुनिश्चित गर्नुपर्छ । जब राज्यले न्याय सुनिश्चित गर्न सक्दैन, त्यो राज्यले आफ्नो न्यूनतम वैधानिकता पनि गुमाउँछ । त्यस्तो राज्य टिक्नेवाला छैन । डेमोक्रेसी किताबमा लेखेर मात्र हुँदैन । राज्यले न्यायलाई सुनिश्चित गर्न सक्नुपर्छ । तर, हामीकहाँ के छ भने यहाँ न्यायको ठाडै लिलाम बढाबढ भइराखेको छ ।

सुधारको पहिलो शर्त चोलेन्द्रको राजीनामा

त्यसैले म के भन्छु भने अहिलेको अहिलेको न्यूनतम सुधारको बाटो भनेको प्रधानन्यायाधीशले छोड्नु पर्छ । अब यसको विकल्प छैन । यसमा आम जनताको सरोकार जोडिएको छ । राष्ट्रको सरोकारको विषय छ । किनभने न्यायपालिका भ्रष्ट भयो भने यसले समग्र राष्ट्रलाई अवैधानिक बनाउँछ र समाप्त गर्छ ।

न्यायालय भनेको जनताको विश्वासमा टिकेको संस्था हो । योसँग कुनै तरबारको शक्ति छैन । पावर छैन । यसको सबैभन्दा ठूलो शक्ति भनेको नै जनताको विश्वास हो । अहिले न्यायालयले त्यो जनताको आस्था र विश्वास गुमाइसक्यो । भनेपछि यसका पछाडि धेरै कारणहरु होलान् । यहाँ त के भनिँदैछ भने चोलेन्द्रलाई मात्रै हटाएर हुन्छ ? निश्चय नै । पहिला चोलेन्द्रलाई हटाउनुपर्यो । यो न्यूनतम शर्त हो । यहाँबाट बल्ल एउटा सुधारको प्रक्रिया सुरु हुन्छ । किनभने उहाँले स्पष्ट रुपमा भनिसक्नुभयो कि म हरिकृष्ण कार्कीको प्रतिवेदन लागू गर्दिनँ ।

कार्कीको प्रतिवेदन लागू हुनेबित्तिकै चोलेन्द्रको प्वाँख काटिन्छ । अहिले उहाँले खुल्ला हात गर्न पाउनुभएको छ । गम्भीर संवैधानिक प्रश्नहरु भएका मुद्दाहरु जुनियर न्यायाधीशहरुको बेन्चमा तोक्ने र चलखेल गर्ने, अनि जग्गा खिचलो आदि मुद्दाहरु चाहिँ सिनियर न्यायाधीशको बेन्चमा तोक्ने काम भइरहेको छ । यसमा प्रधान न्यायाधीशको नै मुख्य भूमिका छ । कुन न्यायाधीशको बेन्चमा मुद्दा पार्ने भन्ने पावर प्रधानन्यायाधीशसँग भएको कारणले गर्दाखेरि यसमा उहाँको एकाधिकार भइरहेको छ । त्यसकारण यसमा सुधार हुन जरुरी छ । यसमा अटोमेसन सिस्टम लागू गर्नुपर्यो ।

मौन रहनु पनि अपराध

इतिहासमा कहिलेकाहीँ के हुन्छ भने मौन हुनु पनि अपराध हो । अहिलेको अवस्थामा हामी मौन र तटस्थ बस्नुहुँदैन । कतिपयले न्यायाधीशहरूले ट्रेड युनियन जस्ता भए भन्छन् । तर, न्यायाधीशहरूसँग अर्को विकल्प छैन । अहिले न्यायालय असाधारण संकटमा छ । यसकारण न्यायाधीशहरूले असाधारण स्टेप चाल्न बाध्य हुनुपरेको हो ।

छिमेकी देशमा पनि हामीले हेर्न सक्छौं । चारजना न्यायाधीशहरूले पत्रकार सम्मेलनै गरे । त्यो असामान्य स्टेप थियो । मेडिकल कलेजसम्बन्धी केसहरु आफ्नै बेन्चमा पार्ने समस्या भारतमा पनि थियो । नेपालमा पनि हामीले देखेका छौं एनसेलको पैसा बुझ्न लण्डनमा भेट भएको छ । यी सबै कुराहरु बाहिर आइहाल्दा रहेछन् ।

न्यायालयको रक्षाका लागि हामी सबैले गम्भीर हुनुपर्ने आवश्यकता छ । र, अब खाली राजीनामा गरेरमात्रै मात्रै उन्मुक्ति दिनुहुँदैन । ठूलो आर्थिक कुराहरु उठेका छन् । सपिङ मलहरु बनाएको कुरा उठेको छ, कसको नाममा छ, मलाई थाहा छैन । तर, यस्ता धेरै सम्पत्तिहरु छन् । अहिले त मैले केसम्म देखेको छु भने पैसावालाहरुको मुद्दा आयो भने विचौलियहरुले त्यहीँ खेल्छन् । ल, अदालतबाट फैसला आउँछ, तिमी कति गर्छौ ? यस्तोखालको प्रवृत्ति देखिएको छ, जसको सबै छानविन हुनुपर्यो । मुद्दाहरूको तथ्यमा पनि अनुसन्धान हुन जरुरी छ ।

न्यायालय ट्र्याकमा आएन भने हामी फेलियर स्टेटतिर जान्छौं । स्टेट कोल्याप्स हुन्छ । यदि न्यायालय स्वतन्त्र र विश्वसनीय छैन भने हामीले लोकतन्त्रलाई संस्थागत गर्नै सक्दैनौं । नागरिकको अधिकार, स्वतन्त्रता, संविधानको सर्वोच्चता र कानूनको शासनलाई संस्थागत गर्नै सक्दैनौं ।

प्रधानन्यायाधीशले त के गरिदिनुभयो भने कार्यपालिकाले गरेको स्वेच्छाचारितामा न्यायिक पुनरावलोकन हुनुपर्नेमा कार्य पालिकामै आफ्नो प्रतिनिधि (मन्त्री) नियुक्त गराउनुभयो । चेक एण्ड ब्यालेन्स नै उहाँले विचलित पारिदिनुभयो । यस्तो कुराचाहिँ अदण्डित रहनुहुँदैन । रातो पाटीबाट

## हाटखोला...

समयमै जिर्णोद्धार नगरिए निकट भविष्यमै पुल क्षतिग्रस्त हुन गई जनधनको ठूलो क्षति हुन सक्ने, सो क्षेत्रसँगको मार्ग विच्छेद भई सयौं औद्योगिक/व्यवसायिक प्रतिष्ठानहरु र स्थानीय बजारहरुको आर्थिक गतिविधि ठप्प हुने, हजारौंले रोजगारी गुमाउने आदि विभिन्न भयावह स्थिति श्रृजना हुने तर्फ सचेत गराउनु गराउँदै तत्काले सो पुलको जिर्णोद्धार तथा क्षमता विस्तारका कार्यहरु शिघ्रताका साथ अघि बढाउनु पर्ने जोड दिँदै ज्ञापनपत्र हस्तान्तरण गरिएको थियो ।

ज्ञापनपत्र बुझाउने टोलीमा संघको उपाध्यक्ष अनुपम राठी, महासचिव अनिल कुमार साह र प्रमुख कार्यकारी अधिकृत कृष्ण रेग्मीज्यूको सहभागिता रहेको थियो ।

यसअघि संघले काठमाडौं स्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादव, शहरी विकास मन्त्री रामकुमारी झाक्री, सडक विभागका महानिर्देशक ई. अर्जुन जंग थापा, प्रदेश नं. १ का भौतिक पूर्वाधार विकास मन्त्री, सडक डिभिजन कार्यालय, विराटनगरका प्रमुख लगायतलाई समेत पुलको जिर्णोद्धारका कार्य तत्कालै थालनी गर्न अनुरोध गरि सकेको थियो ।

## सांस्कृतिक...

क्षेत्रमा सहयोग पुगोस् भन्ने उदेश्यका साथ पुस्तकालयको लागि जग्गा उपलब्ध गराउनु भएको छ ।

विशिष्ट राजवंशी समाज उत्थान समितिका अध्यक्ष भुवनेस्वर मण्डल राजवंशीले १४ वर्षको संघर्ष गर्दा २०६८ जनगणनाले राजवंशीको कोलम नभएको हुनाले २०७८ मा कार्तिक २५ देखि जनगणना हुन गइरहेकोले विराट राजवंशी कोलममा लेखाउन आग्रह गर्दै समस्त विराट विराट राजवंशीलाई धन्यवाद व्यक्त गरेका थिए ।

पहिलो वार्षिक साधारण सभा एवं शुभ दिपावली तथा छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रम विराट राजवंशी संस्कृतिक पुस्तकालयको अध्यक्ष कुसेस्वर राजवंशीको अध्यक्षतामासम्पन्न भएको थियो ।

१२

प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं ।
वन जंगल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र
जैविक विविधताको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१




सुनसरी मोरंग सिचाई आयोजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रुपमा बनाइएका घर टहरा तथा घेरवारहरु हटाउने वारेको

अत्यन्त जरुरी सूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ ।

सुनसरी मोरंग सिंचाई आयोजना विराटनगर

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### बास, खाद्य्य र सुरक्षाको व्यवस्था मिलाऔं

बेमौसमी वर्षाका कारण हालै आएको वाढी, पहिरो, र हवाहुरीले हजारौ घर परिवार घर विहीन भएको छ भने लाखौ हेक्टर जमीनमा लगाएको धानबाली नष्ठ भएको छ। बिराटनगर महानगर पालिकाको मात्रै कुरा गर्ने हो भने विराटनगर महानग पालिका वडा नं. १, ५, ६, ७, ८, १०, ११, १२, १४, १५, १८, १९ लगायतको वडाहरुमा गरीब, विपन्न, सुकुम्वासी, महिला, बालबालिका सुतकेरी, बृद्धहरुलाई बास र गाँस दुबैको समस्या देख्नुका साथै सुरक्षाको पनि समस्या देखिएको छ। तर स्थानीय सरकारले त्यसको व्यवस्थापन गर्न सकि रहेको छैन। झनै समाजमा भएको दयालु मनहरुको सहयोग र समर्थनले चुरा, भुजा, दालमुट र चाउचाउको सहयोगको भरमा दिना चार्य चलाई रहेको अवस्था छ। सरकारी विद्यालय र सामुदायिक घरहरुमा कोचाकोच गरी बास बसेका छन्। जसले गर्दा स्वास्थ्यमा समेत समस्या भएको छ। त्यस तर्फ स्थानीय सरकारले तुरुन्त बास, गाँस, सरक्षा र स्वास्थ्यको व्यवस्था मिलाउनु पर्छ।

अविरल बर्षाका कारण आएको वाढीबाट डुवानमा परेका पिडित परिवारका लागि खान, बस्न, सरक्षा र स्थास्थ्यको दृष्टीकोणवाट समुचित वातावरण निर्माण गर्न हामी सवै मनकारी मनहरु र स्थानीय सरकार लाग्नु पर्छ। विराटनगर महानग पालिका वडा नं. ७ हरियाली टोलमा ३ सय घर परिवार डुवानमा परेका छन्। पुरै घरै डुवानमा परेपछि हिलोमा बस्न बाध्य भएका छन्। वाढीले मानवीय क्षति देखि लिएर धन सम्पत्ती र लगाएको बाली नष्ट भएपछि सुकुम्वासी बन्न बाध्य भएका छन्। त्यही सुकुम्बासीहरु माथि राजनिती गर्ने राजनीतिक दलहरुले सुकुम्बासीहरुलाई भोट बैकको रुपमा प्रयोग गरी सत्तामा पुग्ने तर प्राकृतिक विपत्ती परेको वेला कोही हेर्न समेत नआउने भएकोले त्यस्ता नेताहरुलाई आम नेपाली नागरिकहरुले बहिष्कार गर्नु पर्छ। जसले गर्दा अगामी दिनमा हुने निर्वाचणमा सज्जन व्यक्तिहरुको सहभागीता होस।

त्यसैले कम्तीमा अहिलेको सिंहदरबार भनेको स्थानीय सरकार हो। स्थानीय सरकारल प्राकृतिक विपत्तीको लागि तत्कार राहत कोषको व्यवस्थान गर्नु पर्छ। प्राकृतिक विपत्ती आउँछ अनि मात्र कोष बनाउने गाँस, वास र कपासको व्यवस्थापन गर्ने पुरानो सोचवाट जनप्रतिनिधीहरु वाहिर निष्कनु पर्छ। अहिलेको विपत्तीवाट संघिय सरकार, प्रदेश सरकार र स्थनीय तहका जनप्रतिनीधि, राजनीतिक दलका नेता, सामाजिक संघ, संस्था, नागरिक समाजले बेलामै विपत्तीको सामना गर्ने पूर्व तयारीको व्यवस्था गर्नु आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# अदालतमा किनबेच र लिलाम बढाबढ भइरहेको छ

## 'चोलेन्द्रको राजीनामाले पुग्दैन, सम्पत्ति छानविन हुनु पर्छ'

दिनेश त्रिपाठी

लोकतन्त्रलाई र संस्थागत बनाउनका लागि न्यायपालिकाको महत्वपूर्ण भूमिका हुन्छ। अहिले न्यायालय एउटा अस्तित्वको लडाइँ लड्दैछ। न्यायालय गम्भीर संकटमा परेको छ। अस्तित्वकै संकटमा परेको छ। यसका पछाडि धेरै फ्याक्टरहरु छन्। के भनिँदैछ भने प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराका कारणले मात्रै अदालत संकटमा परेको हो त ? पात्र जिम्मेवार छ कि प्रवृत्ति जिम्मेवार छ ?

अहिले दुईवटै जिम्मेवार छन्। एउटा खराब पात्रको लामो समयको व्यवहारको प्याट्रनले एउटा खास किसिमको प्रवृत्ति निश्चित गर्छ। प्रवृत्ति भन्ने कुरा आकाशबाट खस्ने चिज होइन। एउटा कुनै पात्रले निरन्तररुपमा राम्रो काम गऱ्यो भने राम्रो प्रवृत्ति विकसित हुन्छ।

प्रधानन्यायाधीश भनेको न्यायालयको लिडर हो। उसले चाह्यो भने सुधारको प्रक्रियालाई अगाडि बढाउन सक्छ। या, त्यसलाई अवरुद्ध गर्न सक्छ। अहिले के देखिएको छ भने प्रधानन्यायाधीश आफैं समस्या बन्नुभयो। उहाँ समाधानको होइन, समस्याको पार्ट बन्नुभयो। नेपालमा अनौठो के देखियो भने न्यायालयको स्वतन्त्रता, क्षमता, निष्पक्षता र सुशासनमा अहिले सबैभन्दा ठूलो थ्रेट प्रधानन्यायधीशबाटै भयो। प्रधान न्यायाधीशकै गैरन्यायिक क्रियाकलाप र गैरन्यायिक आचरणले गर्दाखेरि अहिले न्यायपालिका सबैभन्दा ठूलो खतरामा पर्यो।

मैले पहिले पनि भनेको थिएँ कि जब गैरसंवैधानिक ढंगले संविधानको धारा २८४ को बर्खिलाप गर्दै जब संवैधानिक परिषदसम्बन्धी अध्यादेश जारी गरियो र त्यसमा प्रधान न्यायाधीश सरिक हुनुभयो, आफ्ना सारा आसेपासेहरुलाई आयुक्त बनाउन सफल हुनुभयो। मैले त्यहीबेला भनेको थिएँ कि बार र लिगल कम्युनिटीले अब राजीनामा माग्नुपर्छ। यदि उहाँले राजीनामा दिनुभएन भने महाअभियोग लगाउनुपर्छ।

तर, त्योबेला ओलीजीको त उहाँ भक्तिगानमै हुनुहुन्थ्यो। विपक्षी दल ( काँग्रेस) पनि निरीह र कमजोर थियो। संसद नै विघटन भइसकेको थियो। पछि संसद पुनःस्थापना भयो, त्यसपछि पनि कमसेकम महाअभियोग दर्ता हुन सक्थ्यो। तर, दलहरुले केही पनि गरेनन्।

अहिलेसम्म आइपुग्दा न्यायालय समस्याग्रस्त भन्दा पनि संकटग्रस्त बिन्दुमा पुगिसक्यो। उम्लिने अवस्थामा पुगिसक्यो। पानी नाकभन्दा माथि गइसक्यो। अब सानातिना टालटुले प्रवृत्तिले मात्रै यो ट्र्याकमा आउँदैन। यसका लागि गम्भीर ढंगको पुनर्संरचनाको जरुरी छ।

न्यायको लिलाम बढाबढ भइरहेको छ

कतिपय मानिसहरुले यो विषय किन उठाइरहेको भन्छन्। हामी के कुरामा स्पष्ट हुनुपर्छ भने न्यायपालिका भनेको न्यायाधीशहरूका लागि होइन। यो वकिलहरूका लागि पनि होइन। हामी वकिलले फी लिनका लागि बनाएको संस्था होइन यो। यो त जुन नागरिकले न्याय पाएको छैन, यसको न्यायका लागि सिर्जना गरिएको संस्था हो। हामी भनेको त न्यायका लागि सहजीकरण गर्ने माध्यममात्रै हो। न्यायाधीशहरूलाई घुस खुवाउनका लागि बनाएको संस्था होइन न्यायालय।

मेरो बिचारमा अब न्यायालयको सुधारका लागि बहुपक्षीय रणनीतिहरु अपनाइनुपर्छ। केही दीर्घकालीन, केही मध्यकालीन र केही अल्पकालीन सुधारहरु गरिनुपर्छ। पहिला त अल्पकालीन सुधारबाट काम सुरु गर्नुपर्यो। यसमा अहिले सबैभन्दा ठूलो समस्या प्रधानन्यायाधीश आफैं हुनुहुन्छ। उहाँले अदालतभित्र न्यायाधीशहरुको एउटा सानो टुकडी तयार गर्नुभएको छ, सिण्डिकेट तयार गर्नुभएको छ। र, आर्थिक चलखेल हुन सक्ने र गम्भीर संवैधानिक मुद्दाहरु त्यस्तो बेन्चमा उहाँ राख्नुहुन्छ। र, सेटिङबाट काम गरिन्छ। अहिले अबौं अर्बको खेल भइरहेको अवस्था छ। यसलाई ब्रेकडाउन गर्न जरुरी छ।

अर्को के छ भने ठूलो संख्यामा वारेसहरुको समस्या छ। अहिले तपाई उच्च अदालतमा जानुभयो भने त्यहाँ वारेसहरुको भीड लागेको छ। तिनीहरु कुनै योग्यता भएका मान्छे छैनन्। हामीलाई त लाज लाग्छ। कि त पेशै छाडेर अर्कोतिर लाग्नुपर्यो। अरु काम गरौं भने जानेको छैन। तिनैसँग गएर बहस गर्नुपर्ने हुन्छ। एकदमै ठूलो लज्जाको अनुभूति हुन्छ। आत्मग्लानी हुन्छ। यस्ता मान्छेका छेउमा के बहस गर्नु, जोसँग लिगल नलेज पनि छैन, निष्ठा पनि छैन, इमान्दारीता पनि छैन र सिक्ने प्रवृत्ति पनि छैन। उसले केवल पैसा कुरेर बसिराखेको हुन्छ।

कतिपयले भन्छन् कि न्यायाधीशमा राजनीतिक कार्यकर्ताहरूको नियुक्ति गरियो। कुनै बेला कार्यकर्ता पनि नियुक्त हुन्थे, अब कार्यकर्ता हुनु त न्यूनतम योग्यता भयो, तर अहिले कार्यकतालाई सुटकेसले रिप्लेस गरिसक्यो। तपाई हरेक न्यायाधीशको हेर्नोस्, नेपाल सानो मुलुक छ, कहीं न कहींबाट थाहा भइहाल्छ। यो पाँच करोड.... यो तीन करोड...। पहिले तीन करोड बुझाइसकेको थियो, पछि लिलाम बढाबढ हुँदै चार करोड बझाइसकेको थियो, लास्टमा नाम काटियो.... यस्ता कुराहरु बजारमा छन्। यस्ता न्यायाधीशहरुकै कारणले न्यायपालिका संकटमा परेको देखिन्छ। यस्ता न्यायाधीशबाट अदालतलाई मुक्त गर्नुपर्छ।

मलाई लाग्छ, दीर्घकालीनरुपमा पनि केही कामहरु गर्नुपर्छ। संविधान संशोधन नगरिकन हुँदैन। न्यायपरिषद अर्को ठेकेदारहरुको संस्था भएको छ। उसको मुख्य भूमिका न्यायाधीशहरूमा अनुशासन कायम गर्ने, प्रशिक्षित गर्नेमा छैन। उनीहरु कुरेर बसिराखेका हुन्छन् न्यायाधीश नियुक्तिको मौसम सुरु भयो, अब दसैं आयो। भनेपछि त्यहाँ लिलाम बढाबढ लागिसकेको हुन्छ।

त्यति मात्रै होइन, मैले त यस्तो पनि सुनेको छु कि सबैभन्दा धेरै घुस खान सक्ने अदालतमा पाटन उच्च अदालत पर्छ, बिराटनगर होला, बुटवल होला, नेपालगञ्ज होला। दिपायल उच्च अदालतमा त धेरै पैसा खान पाइँदैन। यहाँ रेट छ। पाटन उच्च अदालतमा नियुक्त हुने हो भने यति करोड। मुख्य न्यायाधीशलाई ल, एक वर्षमा यति उठाउनु भनेर ठेक्का दिइएको छ, यति मलाई हुनुपर्यो, बाँकी उठाएको पैसा तिम्रो। विशेष अदालतमा एउटाले मलाई सुनायो कि एक वर्षका लागि ठेक्का दिएको छ।

प्रधानन्यायाधीश अहिले किन पेशी तोक्दा अटोमेसनमा जान चाहनुहन्न ? पैसा लिइसकेको छ। अटोमेसनमा गइसकेपछि पैसा फिर्ता गर्ने कि के गर्ने ? हामी यस्तो खालको घातक प्रवृत्तिमा छौं। अब न्याय भन्ने कुरा कमोडिटी (बस्तु) जस्तै भयो। अब यसको किनबेच हुन सक्ने भयो। पैसा दिएर तपाई जसरी सामान किन्न सक्नुहुन्छ, त्यस्तै जस्टिस पनि अब किनबेचको विषय बनाइयो। र, यो संस्थागत ढंगले गरियो। त्यसकारण अब हामीले गम्भीर ढंगले सोच्ने बेला आएको छ।

सिंगल बेन्चबाट आदेश जारी गरिन्छ र संवैधानिक इजलासको सुनुवाई नै हुँदैन। भोलि सुनुवाई हुने, आज हतार-हतारमा एउटा रहस्यमय पात्रको सिर्जना गरियो। १० महिनादेखि हाम्रो मुद्दा ( संवैधानिक परिषद) को सुनुवाई भइरहेको छैन, उहाँहरुको मुद्दा आजै दर्ता भएर भोलिपल्टै सुनुवाई भएर त्यही दिन अन्तरिम आदेश पनि जारी भयो। त्यो पनि मुद्दाको अन्तिम टुंगो नलागेसम्मका लागि। छलफलका लागि झिकाइएको भए पनि भोलिपल्टको सुनुवाई त रोकिँदैनथ्यो।

अरु पनि ठुलठुला आर्थिक चलखेलका मुद्दाहरु छन्, त्यसमा को पात्रहरूको प्रयोग गरियो, ती पात्रहरूलाई पनि जवाफदेही बनाउन जरुरी छ। अहिले जसले हामीले नै सुधारको झण्डा बोकिरहेका छौं भन्दैछन्, तिनीहरुले माफी पाउनुहुँदैन। जहाज डुब्न थालेपछि मुसाहरु पहिल्यै हाम्फाल्छन्।

मुसा प्रवृत्ति देखियो

अहिले न्यायालयभित्र भित्र प्रेम आले र किसान श्रेष्ठको फेनोमेना देखा परेको छ। केपी ओलीको जहाज डुब्दैछ भनेपछि उनीहरु देउवाको जहाजमा चढे। किसन श्रेष्ठ र प्रम आलेको यो जुन प्रवृत्ति हो, अहिले न्यायालयभित्र पनि फेरि त्यही प्रवृत्ति पैदा भएको छ। मैले नाम किन लिनु, तपाईहरु सबै विज्ञ हुनुहुन्छ, न्यायालयभित्रका प्रेम आले र किसन श्रेष्ठहरू को हुन्।

अहिले तिनै न्यायाधीशहरु हामीभन्दा बढी बडो सुधारवादी भएर निस्किएका छन्। तिनीहरुलाई कारवाहीको दायरामा त ल्याउनुपर्ने हुन्छ। प्रधानन्यायाधीशले उनीहरुलाई मोहोराका रुपमा प्रयोग गरेर गरिएका गलत निर्णयहरु गरेका छन्। एकल बेन्चबाट आदेशहरू गरेर संवैधानिक इजलासको सुनुवाई नै रोकेका छन्। यिनीहरुलाई कारवाहीको दायरमा त ल्याउनुपर्ने हुन्छ।

राज्यको पहिलो ड्युटी नै के हो

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# एकल महिलालाई जग्गा पास गराई दिन्छु भन्दै ठगी

सुनसरी । एकल महिलालाई श्रीमानका जग्गा तपाईको नाममा पास गराई दिन्छु भनी अर्कैको नाममा जग्गा पास गराई ठगी गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार झापाको दमक नगरपालिका पवडा नं. १६ घर भई हाल ईटहरी उप-महानगरपालिका वडा नं. ८ मा बसोबास गर्ने ४३ बर्षीय भक्त बहादुर राई ठगी गरेको आरोपमा पक्राउ परेको छ ।

राईले ईटहरीउपमहानगर पालिका वडा नं. ६ की ६१ बर्षीया एकल महिलालाई महिलाको श्रीमानको नाममा रहेको करिव दुई करोड छत्तिस लाख अन्ठानब्बे हजार रुपैया बराबरको घर जग्गा पास गराई दिन्छु भनी अर्के ब्यक्तिको नाममा पास गराएको थियो ।

रकम ठगी गरेको भन्ने जाहेरीका आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीले राईलाई पक्राउ गरेको हो । पक्राउ परेका राईलाई ठगी मुद्दा अन्तरगत कारवाही तथा थप अनुसन्धान भईरहेको छ ।

# मुद्दाका फरार प्रतिवादी पक्राउ

विराटनगर । फरार प्रतिबादी सुनसरी धरान उपमहानगर पालिका वडा नं. ३ बस्ने ३८ बर्षीया रानी कुमारी साहलाई आज पक्राउ गरि सम्मानित जिल्ला अदालतमा बुझाईएको छ ।

वैकिंग कसुर मुद्धामा सम्मानित मोरङ उच्च अदालतबाट २०७६ माघ ६ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमसः १ महिना कैद तथा पाँच लाख जरिवाना भई लगत नं. ९३४९ मा कैद जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेकी साहलाई खोजतलास गर्ने क्रममा १ नं प्रदेश प्रहरी कार्यालय, रिट बाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

पक्राउ परेका साहलाई सम्मानित सुनसारी जिल्ला अदालतबाट कैद भुक्तानको लागी कारागार चलान गरेको छ ।



# असोज महिनाको सर्वोत्कृष्ट प्रहरी हवल्दार यादव



प्रहरी हवल्दार :- हुमेन्द्र प्रसाद यादव
कार्यरत स्थान :- प्रहरी चौकी अमाही वरियाती मोरंग

विराटनगर । प्रदेश नं. १ बाट असोज महिनाको लागि ईलाका प्रहरी कार्यालय पथरी, मोरङ दरबन्दी भई प्रहरी चौकी अमाहिबरियाती मोरङमा कार्यरत प्रहरी हवल्दार हुमेन्द्र प्रसाद यादवे सर्वोत्कृष्ट प्रहरी प्रहरी घोषित भएको छ ।

विभागिय मुल्य(मान्यता, आदेश(निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्य पथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुर्‍याएका कारण उत्कृष्ट घोषित गरेकोा हो ।

त्यसैगरी अपराध गरी वारदात पश्चात फरार रहेका प्रतिवादीहरु, विभिन्न अपराधिक घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले इलाका प्रहरी कार्यालय पथरी, मोरङ दरबन्दी भई प्रहरी चौकी अमाहिबरियाती मोरङमा कार्यरत प्रहरी हवल्दार हुमेन्द्र प्रसाद यादवलाई उनले गरेको उत्कृष्ट कार्यसम्पादनको उच्च मुल्याङकन गर्दै २०७८ साल असोज महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको छ ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका ईलाका प्रहरी कार्यालय "क" स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ ।

# ५३ किलो गाँजा सहित कटारीबाट एक जना पक्राउ

उदयपुर । उदयपुरको कटारी नगरपालिका ६ स्थित भोर्ले जंगल स्थितबाट ५३ किलो गाँजा सहित एक जना पक्राउ गरिएको छ । पक्राउ पर्नेमा कटारी नगरपालिका ९ सोरुमछबिसेका २० बर्षीय प्रेम परियार रहेका छन् ।

ईलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले उनलाई जंगलमा बोरामा गाँजा बोकी हिडिरहेको अबस्थामा फेला परेको थियो । पक्राउ परेका उनको थप अनुसन्धान भईरहेको छ ।

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| दिनानाथ लम्साल | दयन्त देवी चुडाल | रबिन राई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | प्रमुख |

रतुवामाई नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| गयत्र श्रेष्ठ | राजमती इंगनाम | तारा बहादुर काफ्ले |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

कानेपोखरी गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| डा.कृष्ण बहादुर घिमिरे | धनमाया तामांग | शिव प्रसाद ढकाल |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | प्रमुख |

सुन्दर-हरैचा नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| शशि राई | सरला राई | देवी प्रसाद आचार्य |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

मिक्लाजुंग गाउँपालिका, मोरंग प्रदेश नं. १ नेपाल

# बिल नभएको अबैद्ध ९४ तोला चाँदीका तार बरामद



बिराटनगर । बिल नभएको अबैद्ध ९४ तोला चाँदीको तार सहित प्रहरीले एक जनालाई फत्राउ गरीएको छ ।

मोरङको रतुवामाई नगर पालिका वडा नं. ३ छालगाछी स्थितबाट प्रहरीले ९४ तोला चाँदी सहित सोही स्थानमा बसोवास गर्ने ३० बर्षीय धर्बेन्द्र शर्मालाई फक्राउ गरेको थियो ।

मंगलवार प्रहरी चौकी महादेवाबाट खटिएको प्रहरी टोलीले बिल नभएको तार बनाई ल्याएको सो चाँदी सहित पक्राउ गरेको हो ।

पक्राउ परेका शर्मालाई चाँदी सहित आवश्यक कारबाहीको लागी मुल भन्सार कार्यालय रानी बिराटनगरमा बुझाएको ईलाका प्रहरी कार्यालय सिजुवाले जनाएको छ ।

# नगद सहित चार जुवाडे पक्राउ

झापा । झापा शिवसताक्षी नगरपालिका ९ स्थित जितेन्द्र शाक्यको घरबाट ४ जना जुवाडेलाई तास र नगद सहित पक्राउ गरिएको छ । पक्राउ पर्नेमा सोही स्थानका ५० बर्षीय अग्नि राई, ४० बर्षीय लाल बहादुर लिम्बु, ४५ बर्षीय मनिष क्षेत्री र शिवसताक्षी नगरपालिका का ३७ बर्षीय सुरेश लिम्बु रहेका छन् ।

हिजो राती ९ बजे बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको

वांकी ५ पेजमा...

# प्रदेश नं. १ लुक्ला सोलुखुम्बुको नव निर्मित प्रहरी कार्यालयको भवनको समुद्घाटन



सोलुखुम्बु । नव-निर्मीत ईलाका प्रहरी कार्यालय लुक्ला सोलुखुम्बुको कार्यालय भवन, तथा आवास गृहको असोज १० गते बुधवार उद्घाटन गरिएको छ । कार्यालयको हाता भित्रे एक कार्यक्रमका बिच संगठन प्रमुख प्रहरी महानिरिक्षक शैलेश थापा क्षेत्रीले उक्त भवनको समुदघाटन गर्नु भएको हो ।

भवनको समुदघाटन पश्चात कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथी प्रहरी महानिरीक्षक थापा क्षेत्रीले शान्ति सुरक्षा सबैको साझा जिम्मेवारी रहेको वताउँदै भवन आफैमा सबै चिज नभएको प्रस्ट पार्दै, नयाँ भवन संग संगै कार्यरत प्रहरी कर्मचारीहरुमा नयाँ सोच र धारणा आउनु पर्ने तथा रुपान्तरण हुनु पर्ने धारणा ब्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथी प्रहरी महानिरीक्षक थापा क्षेत्रीले भवन निर्माणमा उल्लेखनिय भुमिका निर्वाह गर्नुहुने ब्यक्तित्वहरुलाई प्रशंसा पत्रले सम्मान समेत गर्नु भएको थियो ।

कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुहुँदै १ नम्बर प्रदेश प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले भौतिक पुर्वाधारको अभाव र अपर्याप्ताले प्रहरी सेवाका कार्यहरुमा प्रतक्ष्य असर पर्ने बताउँदै सुबिधा सम्पन्न भवन प्राप्त भए संग संगै नागरीक सेवामा अब बिगतका दिनहरु भन्दा प्रभावकारी ढंगले अगाढी बढ्न नव निर्मित भवनको योगदान रहने बिश्वास ब्यक्त गर्नु भएको थियो ।

२४ सै घण्टा ड्युटीमा रहनु पर्ने प्रहरी कर्मचारीहरुलाई यस्ता भौतिक सुबिधाले थप मनोवल बढ्ने र कार्यक्षेत्रमा समेत यसले अनुकुल वातावरण सिर्जना गर्ने बताउँदै सुबिधा सम्पन्न भवन प्राप्त भएसंगै थप जोश र उर्जाका साथ प्रहरी काम कारवाही गर्न कार्यरत प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनु भएको थियो ।

ईलाका प्रहरी कार्यालय लुक्ला सोलुखुम्बुको साँढे २ तले कार्यालय भवन तथा आवास गृह २ करोड, ६६ लाख, ३३ हजारको कुल लागतमा निर्माण सम्पन्न भएको भएको हो ।

हार्दिक मंगलमय शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नगरवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।
प्रदीप शाह, प्रमुख प्रशासकीय अधिकृत | ढाका कुमारी पराजुली, उप-प्रमुख | ज्ञानेन्द्र सुवेदी, प्रमुख
बेलवारी नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नगरवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।
नि.मुरारी प्रसाद घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | लक्ष्मी देवी भण्डारी, उप-प्रमुख | खड्ग बहादुर फागो, प्रमुख
उर्लाबारी नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नगरवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।
लक्ष्मी प्रसाद खरेल, प्रमुख प्रशासकीय अधिकृत | यमुना विष्ट वास्तोला, उप-प्रमुख | दिलीप कुमार राई, प्रमुख
पथरीशनिश्चरे नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नगरवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।
अच्युत प्रसाद दहाल, प्रमुख प्रशासकीय अधिकृत | कृष्ण कुमारी निरौला, उप-प्रमुख | शंकर राई, प्रमुख
लेटांग नगरपालिका, मोरंग प्रदेश नं. १ नेपाल

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## श्रीमति र छोरीको हत्या गरेको आरोपमा एक जना पक्राउ



ईलाम । झारफुक गर्ने नाममा आफ्नै श्रीमति र छोरीको हत्या गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार इलाम जिल्लाको देउमाई नगरपालिका वडा नं. ५ बारुङ का ३३ बर्षीय कमल तामाङले झारफुक गर्ने क्रममा आफ्नै श्रीमती र छोरीको हत्या गरेको अभियोगमा पक्राउ परेको हो ।

उनले आफ्नै घर भित्र घर परिवारका सदस्य राखी धामी बसी बिगत देखी बेला बखत बेहोस हुने बिरामी रहेका श्रीमती ३४ बर्षीया सिता तामाङ र छोरी १६ बर्षीया शिक्षा तामाङको झारफुक गर्ने क्रममा घाटी तथा शरिरको बिभिन्न भागमा टोक्दा उनिहरुको मृत्यु भएको हो ।

घटनाको जानकारी पाए लगतै अस्थाई प्रहरी चौकी गजुर मुखीधामबाट प्रहरी टोली खटि गई कमल तामाङलाई नियन्त्रणमा लिएको हो । घटनाबारेमा थप अनुसन्धान भईरहेको छ ।

***नगद...***

प्रहरी टोलीले जुवा खेलीरहेको अवस्थामा ३ बुङ तास, नगद रु. १ लाख ७३ हजार ५ सय सहित उनिहरुलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका चारै जना उपर कानुन बमोजिम कारबाही तथा अनुसन्धान भईरहेको छ ।

# सप्तरंगी पर्व तिहार : यस्तो छ सात विशेषता

सायदै यस्ता चाड होलान्, जसमा थरीथरी रंग पोतिएको होस् । हरेक चाडपर्वको आ-आफ्नै विशेषता र विधी विधान हुन्छन् । आस्था र विज्ञानको सन्तुलन हुन्छ । परम्परा र आधुनिकताको फ्युजन हुन्छ । तर, तिहार वा दिपावली जस्तो विविधता अरु कुनै चाडपर्वमा छैन ।

तिहार धन-ऐश्वर्यकी देवी लक्ष्मीको पूजा-उपसना गर्ने पर्व । दियो-बत्ती र झिलिमिलीको पर्व । सेलरोटीको पर्व । देउसी भैलोको पर्व । अनेक रंगले पोतिएको छ, यो पर्व । कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिनदेखि कर्तिक शुक्ल पक्षको द्वितिय तिथिसम्म पाँच दिन मनाइन्छ । यसबीचमा काग पूजा, कुकुर पुजा, गाई पूजा, गोरु पूजा, भाई टिकाहुँदै लक्ष्मी पूजा, दिपावली, देउसी भैलो समेटिन्छन् । धार्मिक कथन अनुासर यमराजले आफ्नी बहिनी यमुनाको घरमा आतिथ्य ग्रहण गरेको हुनाले यी पँच दिनलाई यमपञ्चक भनिन्छ । यहा दिन भगवान धन्वन्तरीको जन्म भएको हुनाले यसलाई धन्वन्तरी जयन्ती वा धनतेरस पनि भनिन्छ ।

१. लक्ष्मीपूजा

तिहारमा धन-ऐश्वर्यकी देवी लक्ष्मीको पूजा-आरधाना गरिन्छ । गाईको गोबरले घर-आगँन लिपपोत गरेर, सबैतिर गहुँत छर्किएर घरलाई पवित्र बनाउने गरिन्छ । त्यसो त गाईलाई नै लक्ष्मी माताको प्रतिक पनि मान्ने गरिन्छ । बहुगुणी प्राणी गाईको गोबरले पिपपोत गरेर, गहुँत छर्किएर पवित्र बनाइसकेपछि फूलमाला, धूपबत्ती बालेर लक्ष्मीको पूजाआजा गरिन्छ ।

लक्ष्मीलाई धन्यधान्यकी देवी एवं ऐश्वर्यकी प्रतिक मनिन्छ । यसदिन घरलाई सफसुग्घर गरे, दियोबत्तीले झलमल्ल पारेर, फूलमालाले सजएपछि लक्ष्मीले वास गर्छिन् भन्ने धार्मिक विश्वास छ ।

२. सायपत्री र मखमली

तिहारको विशेष फूल हुन्, सायपत्री र मखलमी । यी दुबै फूल यही सिजनमा ढकमक्क फूल्ने गर्छ । बारीको कान्लाभरी, घरको बार्दलीभरी, पाखाभरी सायपत्रीले ढकमक्क हुने गर्छ । सायपत्री फूल र त्यसको सुगन्धले नै हामीलाई तिहारको आभाष दिलाउँछ ।

तिहरमा घर सजाउन, पूजाआजा गर्न वा चेलीले माइतीलाई माला लगाइदिन पनि मखमली र सायपत्रीको प्रयोग गरिन्छ । यी दुबै फूल लामो समयसम्म टिक्ने भएकाले आफ्ना माइतीको यश, आयु पनि लामो समय कायम रहोस् भनी प्रतिकात्मक रुपमा सायपत्री र मखमलीको प्रयेग गरिन्छ । त्यसो त यी फूलहरु आफैमा आकर्षक मात्र होइन, औषधीय गुणले भरिपूर्ण पनि छन् ।

३. दियो पाला

तिहारलाई पुकारिने अर्को नाम हो, दिपावली । यसलाई झिलिमिली पर्व पनि भनिन्छ । तिहारको अर्को विशेषता भनेको घर-आँगनमा दियो बत्ती बाल्ने, झिलिमिली उज्यालो बनाउने हो । दियो बत्ती बालेर औंसीको कालो रातलाई जित्ने यो एक प्रतिकत्मक उत्सव पनि हो, अँध्यारोलाई खुसी र उत्सवको उज्यालोले जित्नुपर्छ भन्ने । त्यसैगरी तिहार लगत्तै चिसो मैसम सुरु हुने । मौसम रुखो र सुख्खा हुने, रात लामो हुने गर्छ । यसको असर हाम्रो मानसिकता मा पनि पर्छ । धेरैजसो यस बखत डिप्रेसनमा समेत पुग्छन् । चिकित्सकहरुले यसलाई 'विन्टर डिप्रेसन' भनेका छन् । अतः तिहारमा दियो बत्ती बालेर निरासा, भय आदिलाई हटाउनुपर्छ भन्ने संकेत गरिएको पनि मानिन्छ ।

४. सेलरोटी

हरेकजसो पर्वको आ-आफ्नै परिकार छन् । जस्तो माघे संक्रान्तिमा तरुल, दशैंमा खसीको पक्कु, असार पन्ध्रमा दही चिउरा । तिहारको विशेष परिकार हो, सेलरोटी । तिहारमा यस्ता घर सायदै होलान्, जहाँ सेलरोटी पाक्दैन । हरेकको भान्सामा पाक्ने स्वादिलो एवं मिष्ठन्न परिकार हो यो । चेलीले माइतीलाई ख्वाउने मीठोमसिनो परिकारमा सेलरोटी अनिवार्य हुन्छ ।

५. देउसी भैलो

तिहारको आफ्नोपन भनेको देउसी भैलो पनि हो । देउसी र भैलोले नै तिहारलाई अरु रंगीन बनाउँछ । त्यसो त यसको पनि आफ्नै महत्व र अर्थ छ । धार्मिक कथन अनुसार अयोध्यावासीले आफ्ना परम प्रिय राजाको आगमनमा खुसियाली मनाउने क्रममा देउसी भैलोको प्रचलन सुरु भएको हो । त्यसबेला घर-घरमा दियोबत्ती बालेर 'देव श्रीराम' भनिएको र यसलाई नै अहिले आएर 'देउसिरे' भन्न थालिएको बताइन्छ ।

६. ढाका टोपी

नेपालीको पहिचान झल्काउने विशिष्ठ शिरपोस हो, ढाकाटोपी । नेपाली मौलिक पहिरनकै एउटा हिस्सा मानिन्छ यसलाई, जो अक्सर दौरा-सुरुवालसँग लगाइन्छ । यही ढाका टोपीको साइनो तिहारसँग पनि अभिन्न रुपमा जोडिएको छ । खासगरी तिहारको बेला चेलीले माइतीको शिरमा ढाका टोपी पहिऱ्याइदिने चलन छ । यसले माइतीको शिर सधै उच्च होस् भन्ने प्रतिकात्मक सन्देश दिन्छ ।

७. पशुपंक्षी पूजा

तिहारमा पशुपंक्षीको समेत पूजाआजा गरिन्छ । जस्तो काग पूजा, कुकुर पूजा, गाई पूजा, गोरु पूजा । यी पशुपंक्षीहरुको विशेषता अनुरुप विभिन्न प्रतिक मानेर पूजाआजा गरिन्छ । खासगरी पशुपंक्षीसँग मानव जीवन कति घनिष्ठ रुपमा जोडिएको छ भन्ने कुरा पनि यसले उजागर गर्छ ।

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| रामचरित्र मेहता | पुनम कुमारी मेहता | महेन्द्र प्रसाद यादव |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

भोक्राह गाउँपालिका, सुनसरी प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| खगेन्द्र गिरी | अनिता देवी यादव | ऐयुब अंसारी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

कोशी गाउँपालिका, सुनसरी प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| राजेश प्रसाद पोखरेल | कमला मगर | निलम खनाल |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | प्रमुख |

बराहक्षेत्र नगरपालिका, सुनसरी प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| कमल बहादुर थापा | सविना कुमारी चौधरी | जय प्रकाश चौधरी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | प्रमुख |

रामधुनी नगरपालिका, सुनसरी प्रदेश नं. १ नेपाल